गाउँ कार्यपालिका बैठक - २०७९/०८/१३

आज मिति २०७९।०८।१३ गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को पाँचौ गाउँ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**<u>उपस्थिति :</u>**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ……………………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ……………………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ……………………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई ……………………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा ……………………………………………………………………

१६. **सदस्य सचिव** श्री बिक्रम लिम्बु ……………………………………………………………………

गाउँ कार्यपालिका बैठक - २०७९/०८/१३

**प्रस्तावहरु:-**

१. योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।

२. प्रशासकीय भवन सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना छनौट सम्बन्धमा ।

४. स्थानीय निर्देशक समिति गठन सम्बन्धमा ।

५. बैंकलाई शाखा विस्तारको अनुमति प्रदान गर्ने सम्बन्धमा ।

६. खानेपानी आयोजना मर्मत संभार सम्बन्धमा ।

**निर्णय नं. - १**

गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि छैंटौ गाउँसभा द्वारा अनुमोदन गरेको योजना तथा कार्यक्रमहरुलाई प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, निर्दिष्ट कार्यविधि, निर्देशिका, मापदण्ड तथा नियामक निकायहरुले परिपत्रको रुपमा समय समयमा प्रदान गरेको मार्गदर्शनहरु समेतको पालना हुनेगरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(क) उपभोक्ता समिति मार्फत सञ्चालन गर्न सकिने -**

- जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने योजनाहरु,
- हेभी ईक्युपमेण्ट (ब्याक हो लोडर, एक्साभेटर, लोडर आदि) प्रयोग गर्नु नपर्ने प्रकृतिका योजनाहरु,
- उपभोक्ता समितिबाट गर्दा मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने योजनाहरु,
- स्थानीय स्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा नै कार्यसम्पादन हुने प्रकृतिका योजनाहरु,
- स्थानीय तहमा नै रोजगारीको अवसर सिर्जना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त हुने योजनाहरु,
- निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा सञ्चालन लाभग्राही समुदायबाट नै हुन सक्ने योजनाहरु

(ख) उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु सञ्चालन गर्न गठित उपभोक्ता समितिहरु गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम दर्ता भए पश्चात मात्र उपभोक्ता समितिहरुसँग योजना सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ग) उपभोक्ता समिति गठन गर्दा जुन टोल विकास समितिको क्षेत्रभित्र योजना कार्यान्वयन गरिने हो सोही टोल विकास समितिका पदाधिकारीहरु मध्येबाट उपभोक्ता समिति गठन गरी दर्ता गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. - २**

यस गाउँपालिकाले मिति २०७८।०७।१५ गते आह्वान गरेको ठेक्का नं HRM/NCB/WORKS/03/2078-79, Construction of Hilihang Rural Municipality Administrative Building निर्माण कार्यको लागि बिधुतीय माध्यम द्वारा बोलपत्र आहवान भएको र Online मार्फत पेश हुन आएका बोलपत्रदाताहरु मध्ये श्री एस. ए. एस. (S.A.S Construction P. Ltd, Biratnagar, 16 Morang) कन्स्ट्रक्शन प्रा. लि. विराटनगर सारभूत रुपमा प्रभावग्राही ठहर भई मिति २०७८।११।१० गते भएको ठेक्का सम्झौता पश्चात उक्त प्रा. लि. ले कार्य आरम्भ समेत गरिरहेको सन्दर्भमा महालेखापरीक्षकको कार्यालय लेखापरीक्षण डोर मुकाम पाँचथरको टोलीले दिएको सुझाव अनुरुप कार्यालयले उक्त प्रा. लि. ले योग्य बोलपत्रदाता हुन पेश गरेको कार्यानुभव (Work Experience Certificate) प्रमाणपत्र सम्बन्धित निकायमा जाँच गराउँदा झुठा ठहर भएको प्रमाणित हुन आएकोले सम्बन्धित श्री एस. ए. एस कन्स्ट्रक्शन प्रा. लि. विराटनगर १६, मोरङ लाई प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ ले तोके बमोजिमको आवश्यक कारवाही प्रकृया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायनुसारका योजनाहरुमा निम्न बमोजिम बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र स | योजनाको नाम | वडा नं. | श्रमिक संख्या | श्रोत | |
|---|---|---|---|---|---|
| १ | भालुचोक सिटेडाँडा, ढाडगाउँ आमचोक फेदापा खलंगा गोरेटो बाटो स्तरवृद्धि | १ | ९ | नेपाल सरकार | |
| २ | भिमसेनस्थान आहाले कात्तिके मोटर बाटो स्तरवृद्धि, सोलिङ तथा मर्मत | १ | ७ | नेपाल सरकार | |
| ३ | रजायवेशी सिंहपुर पशुपति मा.वि.गोरेटो बाटो स्तरवृद्धि तथा मर्मत | २ | ९ | नेपाल सरकार | |
| ४ | डाँडागाउँ गुम्बा सिँढी निर्माण | २ | ८ | नेपाल सरकार | |
| ५ | तिनपाने हस्पिटल हुँदै खेल मैदान पाथिभरा जाने मोटरबाटो स्तरवृद्धि | ३ | ५ | नेपाल सरकार | |
| ६ | देउराली साम्रे डाँडे हुँदै चौतारे मध्यपहाडी जाने मो.बा.स्तरवृद्धि | ३ | ११ | नेपाल सरकार | |
| ७ | तालखेत देखि सिरिसे हुँदै तामेधारा गोरेटो बाटो निर्माण | ४ | ८ | गाउँपालिका | |
| ८ | ढकालगाउँ कुन्तादेवी बालविकास हुदैं मझैटार आ.वि.गोरेटो बाटो निर्माण | ४ | ७ | गाउँपालिका | |
| ९ | मालबाँसे जेभाले थरिचोक मोटर बाटो स्तर उन्नती | ५ | ९ | गाउँपालिका | |
| १० | पिपलडाँडा मसरगाउँ गुरुङछाप गैरीखेत मोटरबाटो स्तर उन्नती | ५ | ७ | गाउँपालिका | |
| ११ | श्री सिद्धेश्वरी मा.वि. देखि सुवेदी धारा हुँदै प्रधान घर निस्कने गोरेटो मर्मत सम्भार | ६ | १० | विश्व बैंक | |
| १२ | तुङ्नुपा देखि हेँवाखोला झोलुङ्गे पुल सम्म जाने गोरेटो बाटो मर्मत सम्भार | ६ | १० | विश्व बैंक | |
| १३ | सल्लेरी एकचेपा आम्बेजानी कोरिडोर मो.बा. नाली तथा सोलिङ निर्माण | ७ | १२ | विश्व बैंक | |
| १४ | सल्लेरी डबलीटार घैयाटार अग्निरेखा निर्माण | ७ | ८ | विश्व बैंक | |

**निर्णय नं. - ४**

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ बमोजिम यस गाउँपालिकामा देहायनुसारको एक **स्थानीय निर्देशक समिति** गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(क) हिलिहाङ गाउँपालिका अध्यक्ष श्री समर बहादुर अधिकारी - अध्यक्ष
(ख) हिलिहाङ गाउँपालिका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाई - सदस्य
(ग) हिलिहाङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री बिक्रम लिम्बु - सदस्य
(घ) अध्यक्षले तोकेको वडा अध्यक्ष श्री बिर्ख बहादुर सुहाङ - सदस्य
(ङ) अध्यक्षले तोकेको वडा अध्यक्ष श्री गणेश प्रसाद योङहाङ - सदस्य
(च) रोजगार संयोजक श्री सीता राई - सदस्य सचिव

नवगठित स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार नियम १६ मा उल्लेख भए बमोजिम निम्नानुसार हुनेछ ।

- स्थानीय तह भित्रको श्रम बजारको माग र विध्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,
- बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने,
- स्थानीय तह भित्रको बेरोजगार व्यक्तिको अध्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,
- स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने,

**निर्णय नं. - ५**

कृषि विकास बैंकले हिलिहाङ गाउँपालिकाको वडा नं १ अमरपुर मा शाखा विस्तार गर्न चाहेको खण्डमा अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. - ६**

हिलिहाङ गाउँपालिकाको वडा नं ६ स्थित सञ्चालित किवा सल्लेरी छत्रगाउ खानेपानी आयोजना अवरुद्ध भई दैनिक खानीपानी आपूर्तिमा कठिनाई भएकोले वडाको सिफारिस बमोजिम उक्त खानेपानी आयोजनाको मर्मत संभारका लागि आवश्यक रु ८३,२८६ गाउँपालिकाको आकष्मिक कोषबाट कार्यसम्पन्न भए पश्चात भुक्तानी दिने निर्णय गरियो।